# मदन भण्डारी मेमोरियल कलेज

नयाँ बानेश्वर, काठमाडौँ

# छात्रवृत्ति व्यवस्थापन कार्यविधि,
(पहिलो संशोधन २०८०)

# छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६
# (पहिलो संशोधन २०८०)

**प्रस्तावनाः**

मदन भण्डारी मेमोरियल कलेजको कलेज सञ्चालन विधान (चौथो संशोधन २०७६ सहित) २०५८ को दफा १० ले दिएको अधिकार प्रयोग गरी कलेजमा अध्ययनरत असाहय, जेहेन्दार, सहिद तथा बेपत्ता परिवार, दलित, अपाङ्ग, पिछडिएको जनजाति, गरिव, खेलाडी, प्राकृतिक प्रकोप पीडितलगायतका विद्यार्थीको उच्चशिक्षामा पहुँच वृद्धि गर्न तथा कलेज विधानमा उल्लेखित उद्देश्य पूरा गर्न व्यवस्थापन समितिले छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६ (पहिलो संशोधन २०८०) बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **छात्रवृत्ति व्यवस्थापन कार्यविधि** २०७६ (चौथो संशोधन २०८० सहित) रहनेछ।

ख) यो कार्यविधि व्यवस्थापन समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. नियम भन्नाले कलेजका अन्य सम्वन्धित नियमावली समेतलाई सम्झनु पर्दछ ।
२. कलेज भन्नाले मदन भण्डारी मेमोरियल कलेजलाई सम्झनु पर्दछ ।
३. कार्यविधि भन्नाले छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७६ (चौथो संशोधन २०८० सहित) लाई सम्झनु पर्दछ ।
४. व्यवस्थापन समिति भन्नाले कलेज व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।
५. शिक्षक/कर्मचारी भन्नाले कलेजमा कार्यरत आंशिक तथा पूर्णकालीन शिक्षक/कर्मचारीलाई सम्झनु पर्दछ ।
६. तोकिएको वा तोकिएबमोजिम भन्नाले यस कलेजको विधान, कार्यविधि र व्यवस्थापन समितिले दिएका निर्देशन तथा निर्णयहरूलाई सम्झनु पर्दछ ।
७. विद्यार्थी भन्नाले कलेजमा भर्ना भई नियमित अध्ययनरत छात्रछात्रालाई सम्झनु पर्दछ ।
८. क्याम्पस प्रमुख भन्नाले कलेजको क्याम्पस प्रमुख सम्झनु पर्दछ ।
९. छात्रवृत्ति कोष भन्नाले कलेजमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न स्थापित कोष सम्झनु पर्दछ ।
१०. छात्रवृत्ति भन्नाले यस कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई वितरण गरिने छात्रवृत्ति सम्झनु पर्दछ ।
११. समिति भन्नाले कलेजको छात्रवृत्ति समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## छात्रवृत्ति समिति तथा काम, कर्तव्य, अधिकार

३. **छात्रवृत्ति समिति**

कलेजले प्रदान गर्ने छात्रवृत्तिको प्रक्रिया पूरा गर्न तथा तोकिएका विभिन्न मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न निम्नानुसारको छात्रवृत्ति समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) क्याम्पस प्रमुख | - संयोजक |
| ख) क्याम्पस व्यवस्थापन समिति सदस्य | - पदेन सदस्य |
| ग) सहायक क्याम्पस प्रमुखहरू | - पदेन सदस्य |
| घ) क्यु.ए.ए. संयोजक | पदेन सदस्य |
| ङ) स्कूल प्रमुखहरू | - पदेन सदस्य |
| च) वरिष्ठतम शिक्षकहरूमध्येबाट एक जना | - सदस्य |
| छ) विद्यार्थी परिषद् अध्यक्ष | - पदेन सदस्य |

४. **छात्रवृत्ति समितिको काम, कर्तव्य, तथा अधिकार**

क) छात्रवृत्तिको लागि नीतिगत आधार तयार गर्ने,

ख) छात्रवृत्ति प्रक्रिया पूरा गरी कार्यान्वयनका लागि कलेज प्रशासनलाई निर्देशन दिने,

ग) छात्रवृत्ति प्रक्रियासम्वद्ध दस्तावेजहरूको अभिलेखीकरण गर्ने/गराउने,

घ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ३
## छात्रवृत्तिको प्रकार, छनौट आधार र छात्रवृत्ति रकम

५. **छात्रवृत्ति**

कलेजले प्रदान गर्ने छात्रवृत्तिलाई निम्नानुसार वर्गीकरण गरि आधार तयार गरिएको छ ।

**क) छात्रवृत्ति प्रदान गरिने आधारहरू**

१. एसइइ, माध्यमिक तह र स्नातक तहमा सामुदायिक वा सरकारी शैक्षिक संस्थाबाट अध्ययन गरी उत्कृष्ट नतिजा ल्याएका विद्यार्थी जेहेन्दार छात्रवृत्तिका लागि योग्य हुनेछन् ।

२. उपदफा (क) १ बमोजिम पूर्व उपाधिका लागि लिइएको परीक्षामा न्यूनतम ३.६ जि.पि.ए. वा ८० प्रतिसत अङ्क ल्याउन सफल विद्यार्थीहरूमध्येबाट योग्यतमलाई प्रदान गरिनेछ । जेहन्दार छात्रवृत्ति छनौट गर्दा भर्ना भएका कुल विद्यार्थी संख्याको पाँच प्रतिसत ननाध्ने गरी निणर्य लिइने छ ।

३. निजी विद्यालय र कलेजबाट उत्तीर्ण भइआएका जेहेन्दार विद्यार्थीलाई पनि छात्रवृत्ति समितिले निर्णय गरेबमोजिम छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

४. आन्तरिक परीक्षामा आफ्नो कक्षा तथा सङ्कायमा उत्कृष्ट नतिजा ल्याउने कलेजमा अध्ययनरत विद्यार्थी मध्ये प्रथम स्थान हासिल गर्ने विद्यार्थीलाई तीन महिना र द्वितीय स्थान हासिल गर्ने विद्यार्थीलाई दुई महिनाको मासिक शुल्क बरारको रकम छात्रवृत्ति प्रदान गरिनेछ । साथै राष्ट्रिय परिक्षा बोर्ड र विश्वविद्यालयबाट सञ्चालित परीक्षामा सर्वोत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीलाई मासिक शुल्कमा ५० प्रतिसत छात्रवृत्ति प्रदान गरिनेछ र सो छात्रवृत्ति एक शैक्षिक वर्ष/सेमेष्टरका लागि कायम रहनेछ ।

५. मदन भण्डारी स्वर्ण पदक प्राप्त विद्यार्थीलाई मदन भण्डारी मेमोरियल कलेजमा थप अध्ययन गर्न मासिक शुल्कमा सत्प्रतिसत छात्रवृत्ति प्रदान गरिनेछ ।

६. समावेशी छात्रवृत्ति वर्गीकरणमा परेका दलित, अपाङ्ग, पिछडिएको क्षेत्र, जनजाति, विपन्न, राष्ट्रिय स्तरका खेलाडी, प्राकृतिक प्रकोप पीडित, शैक्षिक रूपले पिछडिएका वर्गलगायतका विद्यार्थीलाई छात्रवृत्ति समितिले तोकिएबमोजिम समावेशी छात्रवृत्ति प्रदान गर्नेछ ।

७. नेपाल सरकारको वर्गीकरणमा परेका दलित विद्यार्थीहरूमध्ये योग्यताको प्राथमिकताको आधारमा बढीमा तीन जनालाई मासिक शुल्कमा ५० प्रतिसत छात्रवृत्ति प्रदान गरिनेछ । दलितहरूको विवरण अनुसूची (२) मा दिइएकोछ ।

८. अपाङ्गता प्रमाणित भइआएका विद्यार्थीलाई अपाङ्गताको (क), (ख), (ग) र (घ) वर्गीकरणअनुसार प्राथमिकताको आधारमा बढीमा तीन जनालई तपसिल बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ :

   क) 'क' वर्गको अपाङ्गता प्रमाणित भएका विद्यार्थीलाई मासिक शुल्कमा सत्प्रतिसत छात्रबृत्ति

   ख) 'ख' वर्गको अपाङ्गता प्रमाणित भएका विद्यार्थीलाई मासिक शुल्कमा ५० प्रतिसत छात्रवृत्ति

   ग) 'ग' वर्गको अपाङ्गता प्रमाणित भएका विद्यार्थीलाई मासिक शुल्कमा २५ प्रतिसत छात्रवृत्ति

९) विश्वविद्यालय अनुदान आयोगको वर्गीकरणअनुसारका जनजाति परिवारका विद्यार्थीमध्येबाट प्राथमिकताका आधारमा छात्रवृत्ति समितिले निर्णय गरे बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ । जनजातिको वर्गीकरण अनुसूची (३) मा दिइएकोछ ।

१०) आर्थिक रूपमा पिछडिएका वर्गका छात्र-छात्राहरूलाई छात्रवृत्तिका लागि छनौट गर्दा आर्थिक रूपमा कमजोर एवम् पिछडिएको हो भनी स्थानीय निकायको सिफारिस सहित अन्य तथ्यमा आधारित प्रमाण अनिवार्य पेश गर्नुपर्ने छ । छनौट गर्दा पूर्व योग्यताको प्रतिशतलाई नै आधार बनाइनेछ ।

११) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीलाई छात्रवृत्ति समितिले निर्णय गरे बमोजिम छात्रवृत्ति प्रदान गरिनेछ ।

१२) प्राकृतिक प्रकोप पीडित परिवाका विद्यार्थीलाई छात्रवृत्ति समितिले निर्णय गरेबमोजिम छात्रवृत्ति प्रदान गरिनेछ । यसका लागि प्राकृतिक प्रकोप पीडित परिवारका विद्यार्थीले स्थानीय तहबाट प्रमाणित कागजात पेस गर्नुपर्नेछ ।

१३) छात्रवृत्तिका लागि माथि उल्लेखित यसबाहेक छात्रवृत्ति समितिले माग गरेका अन्य कागजात पेस गर्नु पर्नेछ ।

**ख) आनुपातिक रूपमा थप छात्रवृत्ति पाउने:**

कलेजमा अध्ययनरत विद्यार्थीले विशेष अवस्था सिर्जना भइ कलेजबाटै थप छात्रवृत्ति पाउने अवस्था सिर्जना भएमा छात्रवृत्ति समितिले निर्णय गरेबमोजिम हुनेछ।

**ग) छात्रवृत्ति अवधि :**

एक पटक प्रदान गरिएको छात्रवृत्तिको अवधि सेमेस्टर प्रणालीमा ६ महिना र वार्षिक प्रणालीमा एक वर्ष हुनेछ । तर छात्रवृत्ति समितिले कुनै खास विद्यार्थीका लागि थप अवधिका लागि छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

**६. छात्रवृत्ति निरन्तरताका सर्तहरू :**

कलेजबाट दिइएको छात्रवृत्तिलाई तोकिएको अवधिसम्म निरन्तर पाउन विद्यार्थीले निम्नबमोजिमका सर्तहरू पालना गरेको हुनुपर्नेछ।

१. कलेजले निर्धारण गरेको अनुशासन सम्बन्धी कार्वाहीमा नपरेको हुनुपर्ने,
२. हाजिरी न्यूनतम ९० प्रतिशत हुनुपर्ने,
३. हरेक आन्तरिक-आवधिक परीक्षामा उत्तीर्ण हुनैपर्ने,
४. प्रत्येक विषयको शिक्षकले दिएको गृहकार्य/कक्षाकार्य अनिवार्यरूपमा तोकिएको समयभित्र गर्नुपर्ने,
५. कलेजलाई तिर्नुपर्ने बक्यौता भएमा समयै तिर्नुपर्ने,
६. कलेजमा कुनै पनि राजनैतिक संगठनको गतिविधि विद्यार्थी संगठनका रूपमा गर्न नहुन ।

## परिच्छेद ४
## छात्रवृत्तिको छनौटको परिधि र छात्रवृत्तिको कोटा निर्धारण

**७. दरखास्त आह्वान र सङ्ख्या निर्धारण:**

कलेज छात्रवृत्ति समितिले यस कलेजमा अध्ययनरत छात्र-छात्राहरूसँग खुला दरखास्त आह्वान गरी प्राप्त दरखास्तहरूमध्येबाट अन्तर्वार्ता लिई तोकिएको आधार एवम् सङ्ख्याबमोजिम छात्रवृत्ति वितरण गरिनेछ।

**८. छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

१. कलेजमा छात्रवृत्ति आवेदन सम्बन्धी सूचना प्रकाशित गर्ने र छात्रवृत्ति आवेदन फारम वितरण गर्ने, गराउने ।
२. विद्यार्थीहरूबाट आवश्यक कागजात सहित फारमहरू सङ्कलन गर्ने ।
३. प्राप्त छात्रवृत्ति आवेदन फारम समूहगत रूपमा छानबिन गरी परिच्छेद-३ अनुसार छात्रवृत्तिका लागि छनौट गर्ने ।
४. छनौट गरिएका छात्र-छात्राहरूको नाम कलेज व्यवस्थापन समितिमा पेश गर्ने ।
५. छात्रवृत्ति वितरणको प्रभावको मूल्याङ्कन गर्ने, गराउने ।
६. छात्रवृत्तिको कोटा सङ्कायगत रूपमा निर्धारण गर्दा भर्ना भएका विद्यार्थी सङ्ख्याका आधारमा गर्ने ।
७. छात्रवृत्तिको कोटा, बजेट, छात्रवृत्तिको माग तथा विभिन्न वर्गका विद्यार्थी सङ्ख्याको आधारमा वार्षिक रूपमा पुनरावलोकन गर्ने ।
८. अन्य स्रोतबाट प्राप्त हुने छात्रवृत्तिसँग समन्वय गर्ने ।
९. छात्रवृत्ति वितरणको प्रतिवेदन तयार गर्ने ।

मदन भण्डारी मेमोरियल कलेज
MADAN BHANDARI MEMORIAL COLLEGE

# परिच्छेद ५
# छात्रवृत्ति प्रदान प्रक्रिया

९. **छात्रवृत्तिमा सहभागी हुने प्रक्रियाः**

क) कलेज छात्रवृत्तिमा भाग लिन चाहने छात्र-छात्राहरूले तोकिएबमोजिमको आवेदन फारम तोकिएको समयसीमाभित्रै भरी कलेज प्रशासनमा पेस गर्नुपर्नेछ ।

ख) विद्यार्थीहरूले छात्रवृत्तिको लागि आवेदन दिंदा तोकिएबमोजिमका प्रक्रिया पूरा गरी आवश्यक दस्तावेजसहित आवेदन गर्नुपर्नेछ ।

१०. **छात्रवृत्तिको निर्णय अवधि**

छात्रवृत्ति समितिले विद्यार्थी भर्ना भइ कक्षा सुरु भएको वार्षिक प्रणालीको कार्यक्रम भएमा तीन महिना र सेमेष्टर प्रणालीको कार्यक्रम भएमा दुई महिनाभित्र छात्रवृत्तिको अन्तिम निर्णय गरी कलेज व्यवस्थापन समिति समक्ष पेश गरिसक्नु पर्नेछ ।

११. **छात्रवृत्ति रकम समायोजन प्रक्रियाः**

छनौटमा परेका छात्र-छात्राहरूको छात्रवृत्ति रकम कलेज लेखाशाखाबाट समायोजन गरिनेछ ।

# परिच्छेद ६
# विविध

१२. **छात्रवृत्ति वितरण र छनौटको कलेज व्यवस्थापन समितिले निरीक्षण र अनुगमन गर्ने गराउनेछ ।**

१३. **कलेज व्यवस्थापन समितिले यो विधान आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सक्नेछ ।**

# अनुसूची १
## अपाङ्गताको वर्गीकरण

**(क) पूर्ण असक्त अपाङगता:**

दैनिक क्रियाकलाप सम्पादन गर्न अरुको सहयोग लिँदा पनि कठिनाई हुने अवस्थालाई पूर्ण असक्त अपाङ्गता मानिने छ ।

**(ख) अति असक्त अपाङ्गता:**

वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियकलापमा संलग्न हुन निरन्तर अरुको सहयोग लिनुपर्ने स्थितिलाई अति असक्त अपाङ्गता मानिनेछ।

**(ग) मध्यम अपाङ्गता:**

भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा अरुको सहयोग लिएर वा नलिइकन नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई मध्यम अपाङ्गता मानिनेछ।

**(घ) समान्य अपाङ्गता:**

सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफै नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थालाई सामान्य अपाङ्गता मानिने छ।

# अनुसूची २
## दलित जातीय अनुसूची विवरण

१. **दलितवर्गमा सूचीकृत जात-जातिहरूको वर्णानुक्रम अनुसारको जातीय अनुसूची**

**(क) पहाडे मूल:**

१. गन्धर्व (गाइने)
२. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)
३. बादी
४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)
५. सार्की (मिजार, चर्मकार, भूल)

**(ख) मधेशी मूल:**

१. कलवार
२. ककैहिया
३. कोरी
४. खटिक
५. खत्वे (मण्डल, खङ्ग)
६. चमार (राम, मोची, हरिजन, रविदास)
७. चिडिमार
८. डोम (मरिक)
९. तत्मा (ताँती, दास)

१०. दुसाध (पासवान, हजरा)
११. धोवि (रजक) हिन्दू
१२. पत्थरकट्टा
१३. पासी
१४. बातर
१५. मुसहर
१६. मेस्तर (हलखोर)
१७. सरभङ्ग (सरवरिया)

**(ग) नेवार मूलः**

१. पोडे
२. च्यामे
३. हालाहुलू
४. कपाली
५. कसाही

# अनुसूची ३
## शैक्षिक रूपले पिछडिएका जनजातिहरूको सूची

| SN | Ethnic_Label | Ethnic Code (103) | Literacy Rate, 2001 (Harka G., New Era/ Wb) | SN | Ethnic_Label | Ethnic Code (103) | Literacy Rate, 2001 (Harka G., New Era/ Wb) |
|---|---|---|---|---|---|---|---|
| 1 | Baantar | 54 | 26.1 | 42 | Munda | 97 | 47.8 |
| 2 | Badhai | 50 | 47.7 | 43 | Musahar | 22 | 11.1 |
| 3 | Badi | 84 | 42.6 | 44 | Muslim | 7 | 40.1 |
| 4 | Barai | 55 | 49.6 | 45 | Nuniya | 43 | 28.1 |
| 5 | Baramu/Bramhu | 78 | 46.5 | 46 | Pahari | 71 | 45.6 |
| 6 | Bhediyar/Gaderi | 64 | 39.7 | 47 | Panjabi/Shikh | 88 | 51.9 |
| 7 | Bhote | 62 | 50.0 | 48 | Pattharkatta/Kuswadiya | 100 | 19.5 |
| 8 | Bing/Bida | 63 | 19.5 | 49 | Rajbhar | 59 | 44.7 |
| 9 | Bote | 77 | 40.6 | 50 | Raji | 90 | 42.0 |
| 10 | Chamar/Harijan | 17 | 23.8 | 51 | Raute | 98 | 46.6 |
| 11 | Chepang/Praja | 46 | 36.1 | 52 | Santhal/Satar | 52 | 29.7 |
| 12 | Chidimar | 70 | 35.1 | 53 | Sarki | 15 | 44.8 |
| 13 | Damai/Dholi | 12 | 50.1 | 54 | Sunuwar | 36 | 51.7 |
| 14 | Danuwar | 45 | 48.6 | 55 | Tajpuriya | 68 | 52.2 |
| 15 | Dhanuk | 21 | 41.4 | 56 | Tamang | 5 | 51.8 |
| 16 | Dhobi | 41 | 39.1 | 57 | Tatma | 39 | 29.1 |
| 17 | Dhuniya | 94 | 24.0 | 58 | Thakur/Hazam | 33 | 48.3 |
| 18 | Dom | 75 | 13.8 | 59 | Thami | 60 | 43.0 |
| 19 | Dusadh/Paswan | 23 | 24.8 | 60 | Tharu | 4 | 53.7 |
| 20 | Gaine | 79 | 50.2 | 61 | Unidentified Dalit | 102 | 45.6 |
| 21 | Gangai | 57 | 52.2 | 62 | Walung | 95 | 31.1 |
| 22 | Halkhor | 87 | 37.8 | 63 | Yadav | 9 | 46.0 |
| 23 | Hayu | 92 | 49.5 | | | | |
| 24 | Jhangad | 53 | 30.8 | | | | |
| 25 | Kahar | 56 | 38.1 | | | | |
| 26 | Kamar | 76 | 22.0 | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 27 | Kami | 8 | 48.1 | | | | |
| 28 | Kanu | 34 | 48.3 | | | | |
| 29 | Kewat | 26 | 42.1 | | | | |
| 30 | Khatwe | 40 | 23.5 | | | | |
| 31 | Kisan | 89 | 40.6 | | | | |
| 32 | Koche | 93 | 35.7 | | | | |
| 33 | Koiri | 18 | 48.9 | | | | |
| 34 | Kumal | 32 | 49.4 | | | | |
| 35 | Kumhar | 44 | 42.9 | | | | |
| 36 | Kurmi | 19 | 42.6 | | | | |
| 37 | Lodha | 58 | 36.4 | | | | |
| 38 | Lohar | 38 | 43.0 | | | | |
| 39 | Majhi | 42 | 42.5 | | | | |
| 40 | Mali | 72 | 42.3 | | | | |
| 41 | Mallah | 30 | 31.2 | | | | |

# अनुसूची ४

## क) जेहेन्दार छात्रवृत्ति मूल्यात्तनका आधार

| क्र स | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | सरकारी तथा सामुदायिक शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | २५ |
| | निजी शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | १० |
| | देशबाहिरका शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | ५ |
| २ | नियमितता | १० |
| ३ | आन्तरिक परीक्षा | २० |
| ४ | अनुशासन | १० |
| ५ | अघिल्लो तहमा छात्रवृत्ति प्राप्त गरेको | १० |
| ६ | **शैक्षिक योग्यता** | |
| | विशिष्ट (९० देखि १०० : A+) | २५ |
| | उत्कृष्ट (८० देखि ९० : A) | २० |
| | अति उत्तम (७० देखि ८० : B+) | १५ |
| | उत्तम (६० देखि ७० : B) | १० |
| | जम्मा | १०० |

## ख) समावेशी छात्रवृत्ति मूल्याङ्कनका आधार

| क्र स | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | सरकारी तथा सामुदायिक शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | २० |
| | निजी शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | १० |
| | देशबाहिरका शैक्षिक संस्थाबाट अध्ययन गरेका विद्यार्थीहरू | ५ |
| २ | **दलित,** महिला, अपाङ्ग, पिछडिएको क्षेत्र (नेपाल सरकारको वर्गीकरणअनुसार) | २० |
| | दलित, महिला, अपाङ्ग, | १८ |
| | दलित, महिला, | १६ |
| | दलित, | १५ |
| | **जनजाति,** महिला, अपाङ्ग, पिछडिएको क्षेत्र (नेपाल सरकारको वर्गीकरणअनुसार) | १५ |
| | जनजाति, महिला, अपाङ्ग, | १२ |

| | | |
|---|---|---|
| | जनजाति, महिला, | १० |
| | जनजाति, | ८ |
| | **महिला,** अपाङ्ग, पिछडिएको क्षेत्र (नेपाल सरकारको वर्गीकरणअनुसार) | १२ |
| | महिला, अपाङ्ग, | १० |
| | महिला, | ८ |
| | **अपाङ्ग**, पिछडिएको क्षेत्र (नेपाल सरकारको वर्गीकरणअनुसार) | १० |
| | अपाङ्ग, | ८ |
| | **पिछडिएको क्षेत्र** (नेपाल सरकारको वर्गीकरणअनुसार) | ८ |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी | १५ |
| ४ | सहिद र बेपत्ता परिवार | १० |
| ५ | आर्थिक रूपमा पिछडिएको | ३० |
| ६ | नियमितता | ५ |
| ७ | अनुशासन | ५ |
| ८ | अघिल्लो तहमा छात्रवृत्ति प्राप्त गरेको | १० |
| | कूल पूर्णाङ्क | १०० |

नोटः एकभन्दा बढी वर्गीकरणमा पर्ने विद्यार्थीलाई सबैभन्दा बढी अङ्क हुने वर्गीकरणअनुसारको अङ्क दिइनेछ ।

# अनुसूची ५

## छात्रवृत्ति आवेदन फाराम
## मदन भण्डारी मेमोरियल कलेज
## नयाँ बानेश्वर, काठमाडौँ

## छात्रवृत्ति आवेदन फाराम

श्री संयोजकज्यू,
छात्रवृत्ति छनौट एवम् सिफारिस समिति,

यस कलेजबाट वितरण गरिने विभिन्न छात्रवृत्ति कोष अन्तर्गत जेहन्दार/ दलित/ अपाङ्ग/ जनजाती/ पिछडिएको क्षेत्र/महिला/ खेलाडी/ आर्थिक रूपले पिछडिएको वर्गका विद्यार्थीरूको छात्रवृत्ति कार्यक्रममा म सम्मिलित हुन इच्छुक भएकाले छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसैसाथ संलग्न गरी पेस गरेको छु ।

१. विद्यार्थीको पूरा नाम, थर:........................................ जन्ममिति: ..........................

२. विद्यार्थीको ठेगाना:
 स्थायी:..............................................................................................
 अस्थायी:............................................................................................

३. छात्रवृत्तिको किसिम: (कुनै एक छान्नुहोस्)
 क) जेहन्दार
 ख) समावेसी

४. बाबुको नाम, थर:.............................................................. पेशा:.................................

५. आमाको नाम, थर:.............................................................. पेशा:.................................

६. बाजेको नाम, थर:.............................................................. पेशा:.................................

७. विवाहित भएमा पति, पत्नीको नाम, थर:.................................... पेशा:..........................

८. विद्यार्थीको अध्ययनसम्बन्धी जानकारी:
 क) विद्यालयको नाम :...................................................................................
  विद्यालयको प्रकार: सरकारी /सामुदायिक / निजी
  एसइइमा प्राप्त ग्रेड अङ्क: ...........................................................................
 ख) +2 तह अध्ययन गरेको कलेज/मा.वि.:..........................................................................
  कलेज/मा.वि. को प्रकार : सरकारी / सामुदायिक / निजी
  राष्ट्रिय परीक्षा बोर्डमा प्राप्त प्रतिशत वा ग्रेड अङ्क: ..............................................
 ग) स्नातक तह अध्ययन गरेको कलेज:.......................................... ..................
 कलेजको प्रकार : सरकारी / सामुदायिक / निजी स्नातक तहमा प्राप्त प्रतिशत वा ग्रेड अङ्क: ........................

९. विद्यार्थीको पारिवारिक पृष्ठभूमि सम्बन्धी जानकारी:
 क) परिवार संख्या: .......... आमा/बाबु ...... दाजु/भाइ: ...... दिदी/बहिनी: ..........

अन्य: ...............

ख) चल/अचल सम्पत्तिको विवरण: ..............................................................

ग) पारिवारिक आम्दानीको स्रोत: ..............................................................

घ) आम्दानीको अनुमानित विवरण: मासिक:...................... वार्षिक:.............................

१०. हाल अध्ययनरत: सङ्काय:...................... तह:......................

वर्ष/सेमेस्टर:........ रोल नं.:.............

आवेदक विद्यार्थीको जागिर भए सेवा गरेको कार्यालय:..............................

मासिक आय रु.:......................

**संलग्न कागजातहरू:**

१. चारित्रिक प्रमाणपत्र/लब्धाङ्कपत्रको प्रतिलिपि

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. फोटो सहितको छात्रवृत्ति आवेदन फारम

४. निम्न आर्थिक अवस्था प्रमाणित गर्ने सिफारिस/कागजात

५. अपाङ्गता प्रमाणित गर्ने कागजपत्र

६. जेहेन्दार प्रमाणित गर्ने कागजात

७. अघिल्लो तहमा प्राप्त गरेको छात्रवृत्ति प्रमाणित गर्ने कागजात

माथि उल्लेख गरेका सम्पूर्ण व्यहोरा सही छन्, झुठा ठहरेमा कानुनबमोजिम सहुँला, बुझाउँला ।

मिति:.................... .............................. ..................................

दर्ता नं.:................ दर्ता मिति:.................. आवेदक विद्यार्थीको हस्ताक्षर

Shresty